# ग्रीन भेन्चर्स लिमिटेड
# पुतलीसडक, काठमाडौं

## ग्रीन भेन्चर्स लिमिटेडको सातौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस ग्रीन भेन्चर्स लिमिटेडको **सातौं** वार्षिक साधारण सभा मिति २०८२ साल पुस ३० गते बुधबार, बिहान ११:०० बजे देखि काठमाडौं महानगरपालिका वडा नं ३० स्थित रानी महल व्याङक्वेट, ज्ञानेश्वर, काठमाडौंमा बस्यो । वार्षिक साधारण सभाको सूचना प्रकाशन, उपस्थिति, गणपुरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, प्रस्ताव, छलफल, निर्णय तथा अन्य काम कारबाहीको विवरण निम्न अनुसार रहेको छ ।

### १. सभाको सूचना तथा आवश्यक विवरण:

मिति २०८२।०९।०७ गते बसेको संचालक समितिको एक्तीसौं बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा बस्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित मिति २०८२।०९।०८ गते प्रथम पटक तथा मिति २०८२।०९।२२ गते दोस्रो पटक गरी दुई पटक कारोवार राष्ट्रीय आर्थिक दैनिकमा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशन गरी तथा कम्पनीको वेबसाइट www.greenventuresnepal.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सातौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरुका बारेमा जानकारी गराइएको थियो ।

कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, दफा ७८ बमोजिम तयार पारिएको प्रतिवेदन र सभामा पेश हुने प्रस्तावहरु यस कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा वा शेयर रजिष्ट्रार लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंबाट प्राप्त गर्न वा कम्पनीको वेबसाईट www.greenventuresnepal.com मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको थियो ।

वार्षिक साधारण सभाको बारेमा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि, कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड समेतलाई जानकारी गराइएको थियो ।

### २. सभामा उपस्थिति:

**(क) संचालक समिति**

GREEN VENTURES LIMITED

| नाम थर | पद |
|---|---|
| श्री अमुल अग्रवाल (त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक, अध्यक्ष |
| श्रीमती श्रृजना अधिकारी (त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) |
| श्री आशिष कुमार अग्रवाल | संचालक (अनुपस्थित) (संस्थापक शेयरधनी तर्फ) |
| श्री कमलेश कुमार अग्रवाल | स्वतन्त्र संचालक |
| श्री भुपेन महर्जन (सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) |

(ख) संचालक समितिका पूर्व संचालक अध्यक्ष - श्री सुभाष चन्द्र संघई

**(ग) शेयरधनीहरुको उपस्थिति**

(अ) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी वा स्वयम् उपस्थिति - जम्मा २८ जना, जम्मा शेयर संख्या २,४४,९९,९९०

१. आदित्य संघई
२. अनुज अग्रवाल
३. अर्पित अग्रवाल
४. आशिष कुमार अग्रवाल
५. अशोक कुमार अग्रवाल
६. विरेन्द्र कुमार संघई
७. गोविन्द लाल संघई
८. हर्ष वर्धन संघई
९. निकुन्ज अग्रवाल
१०. पुरुषोत्तम लाल संघई
११. राम चन्द्र संघई
१२. साकेत संघई
१३. शैलेश संघई
१४. सुभाष चन्द्र संघई
१५. त्रिलोक चन्द अग्रवाल

GREEN VENTURES LIMITED

१६. त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट अमुल अग्रवाल
१७. तुलसी राम अग्रवाल
१८. विशाल अग्रवाल
१९. आदित्य कुमार अग्रवाल
२०. जगदीश प्रसाद अग्रवाल
२१. कविता संघई
२२. किरण संघई
२३. मधु अग्रवाल
२४. नितेश अग्रवाल
२५. प्रमिला देवी अग्रवाल
२६. संचिता अग्रवाल
२७. सुमिता अग्रवाल
२८. उषा अग्रवाल

(आ) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी वा स्वयम् उपस्थिति - जम्मा ९० जना, जम्मा शेयर संख्या ३५,९०१

**संस्थापक तथा सर्वसाधारण शेयरधनीको जम्मा उपस्थिति**

| शेयरधनीको प्रकार | प्रोक्शी वा प्रतिनिधि | | स्वयं उपस्थिति | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | शेयर कित्ता | संख्या | शेयर कित्ता | संख्या | शेयर कित्ता | % उपस्थिति |
| संस्थापक | २७ | २,२४,५१,९४४ | १ | २०,४८,०४६ | २८ | २,४४,९९,९९० | ७१.२८% |
| सर्वसाधारण | १ | ५,५०० | ८९ | ३०,४०१ | ९० | ३५,९०१ | ०.१०% |
| **जम्मा** | **२८** | **२,२४,५७,४४४** | **९०** | **२०,७८,४४७** | **११८** | **२,४५,३५,८९१** | **७१.३८%** |

**(घ) कम्पनीका कर्मचारीको उपस्थिति**

१. श्रीधर खनाल, प्रमुख कार्यकारी अधिकृत
२. विष्णु प्रसाद न्यौपाने, कम्पनी सचिव

(ङ) आमन्त्रित

१. सिए नारायण बजाज, नारायण बजाज एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सका प्रोप्राइटर, लेखापरीक्षक

२. लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका प्रतिनिधिहरु

**३. साधारण सभाको गणपुरक संख्या तथा सभाको वैधानिकता:**

| कम्पनीको कुल शेयर संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रबाट उपस्थित | जम्मा उपस्थित | सभामा प्रतिनिधित्व भएको जम्मा शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ३,४३,७५,००० | ९० | २८ | ११८ | २,४५,३५,८९१ | ७१.३८% |

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५१% शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारबाही हुने छैन भन्ने उल्लेख भएकोमा यस सभामा कम्पनीका २८ जना संस्थापक शेयरधनीहरु मध्ये २८ जनाले प्रतिनिधित्व गर्ने ७१.२८ प्रतिशत र सर्वसाधारण तर्फ ९० जनाले प्रतिनिधित्व गर्ने ०.१० प्रतिशत गरि कुल जम्मा ७१.३८ प्रतिशत शेयरको प्रतिनिधित्व भएको यस सभाको हाजिरी पुस्तिकाबाट प्रमाणित भएको हुनाले सातौ वार्षिक साधारण सभाको काम कारबाहीका लागी गणपुरक संख्या पुगेको यकिन गरी कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको, कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको र वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको हुँदा उपस्थित शेयरधनीहरुबाट सभाको काम कारबाही प्रारम्भ गर्न स्वीकृति प्राप्त भए बमोजिम सभाको काम कारबाही प्रारम्भ गरियो ।

**४. सभाको अध्यक्षता तथा आसन ग्रहण:**

कम्पनी सचिवले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु भयो र कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९(१) मा साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने व्यवस्था भएको र साधारण सभाले समेत सभाको अध्यक्षताको लागि संचालक समितिका अध्यक्ष श्री अमुल अग्रवाललाई चयन गरेकोले संचालक समितिका अध्यक्ष श्री अमुल अग्रवालले सभाको अध्यक्षता गर्नु भयो र वार्षिक साधारण सभाको काम कारबाही शुरु गरियो ।

GREEN VENTURES LIMITED

यसैगरी कम्पनी सचिवले कम्पनीका संचालकज्युहरु, पूर्व अध्यक्षज्यु, आमन्त्रित महानुभावहरु, कम्पनीका पदाधिकारीहरुलाई आसन ग्रहणको लागि मञ्चमा आमन्त्रण गर्नु भयो । तत्पश्चात अध्यक्षज्युको अनुमति लिई वार्षिक साधारण सभाको काम कारबाही अगाडि बढाउनु भयो ।

**५. सभाको प्रारम्भ तथा स्वागत मन्तव्य :**

सभाको प्रारम्भ राष्ट्रीय गानबाट शुरु गरियो । संचालक समितिका पूर्व संचालक अध्यक्ष श्री सुभाष चन्द्र संघईज्युले दिप प्रज्वलन गर्नु भयो । कम्पनीका प्रमुख कार्यकारी अधिकृतले सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई कम्पनीको तर्फबाट स्वागत गर्दै आफनो मन्तव्य राख्नु भयो ।

**६. छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु :**

कम्पनी सचिवले अध्यक्षको अनुमतीले सभामा छलफल हुने देहाय बमोजिमका विषयहरुको बारेमा जानकारी गराउनु भयो ।

**क. सामान्य प्रस्तावहरु :**

(१) आ.व. २०८१।०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) आ.व. २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने ।

(३) आ.व. २०८२।०८३ को लागी लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमीक निर्धारण गर्ने ।

(४) कालीगण्डकी गर्ज हाइडोपावर प्रा.लि. (१८० मे.वा. जलविद्युत आयोजना) ले प्राप्त गर्ने ऋण सुविधाको लागि कर्पोरेट ग्यारेन्टी (Corporate Guarantee) दिने तथा उक्त कम्पनीमा लगानी गरी यस कम्पनीको नाममा आउने संस्थापक शेयर सुरक्षण (Share Pledge) मा राख्ने सम्बन्धी संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।

(५) संचालकहरुको नियुक्ती सम्बन्धी संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

(१) कालीगण्डकी गर्ज हाइडोपावर प्रा. लि. मा लगानी गर्नको लागि संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई कम्पनीको तत्काल कायम रहेको चुक्ता पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) को १:१ को अनुपातमा रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) बराबरको ३,४३,७५,००० (तीन करोड त्रिचालिस लाख पचहत्तर हजार) कित्ता हकप्रद शेयर जारी गर्ने ।

(२) संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई हकप्रद शेयर जारी गर्नका लागि कम्पनीको अधिकृत तथा जारी पूँजीमा वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।

GREEN VENTURES LIMITED

(३) हकप्रद शेयर जारी गर्ने क्रममा सम्बन्धित नियामक निकाय/कार्यालयले कुनै फेरबदल/ संशोधन/ परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**७. प्रस्तावहरुको प्रस्तुतिः**

अध्यक्षज्युले आफ्नो मन्तव्य सहितको कम्पनीको आ.व. २०८१।०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो । साथै सभाको लागि निर्धारित सम्पूर्ण प्रस्तावहरुमा छलफल तथा निर्णयार्थ पेश गर्नका लागि कम्पनी सचिवलाई अनुरोध गर्नुभयो । कम्पनी सचिवले अध्यक्षको अनुमति बमोजिम सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**८. छलफलका लागि आव्हान तथा सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको अध्यक्षज्युको जवाफः**

प्रस्तावहरु उपर छलफलको लागि कुनै लिखित वा मौखिक जिज्ञासा, सुझाव आदि भएमा सभा समक्ष राख्न अध्यक्षको अनुमतिले कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो । तत्पश्चात देहायका शेयरधनीहरुले देहाय बमोजिम आ-आफनो लिखित वा मौखिक रुपमा राय, जिज्ञासा र सुझाव व्यक्त गर्नु भयो । यस्ता राय, जिज्ञासा र सुझावको संक्षिप्त व्यहोरा देहाय बमोजिम छ ।

**१. लभराज जोशी**

कम्पनीले आयोजना राम्रो संग संचालन गरिराख्नुभएकोमा कम्पनीका कर्मचारी, संचालक समिति तथा संचालक अध्यक्षज्यूप्रति हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । वार्षिक प्रतिवेदन नेपाली भाषामा प्रकाशन गर्नुपर्ने विषयमा सुझाव दिनु भयो । हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्तावको प्रशंसा गर्नु भयो । कम्पनीको समग्र प्रगतिप्रति सन्तोष व्यक्त गर्दै आगामी दिनहरुमा निरन्तर प्रगतिको कामना गर्नुभयो ।

**२. उत्तम पाठक**

आयोजनाबाट भईरहेको विद्युत उत्पादनको अवस्थाप्रति प्रशंसा गर्नु भयो । कालीगण्डकी आयोजनामा लगानी गर्ने उद्देश्यले प्रस्तुत गरिएको हकप्रद शेयर प्रस्तावप्रति संचालक समितिलाई धन्यवाद व्यक्त गर्नु भयो । शेयर पूँजीको संख्या बढाउनु भन्दा शेयरको मुल्य वा नेटवर्थमा बृद्धि गर्नेतर्फ सोँच राख्न उपयुक्त हुने सुझाव दिनु भयो । भविष्यमा अन्य आयोजनाहरुमा समेत लगानी गर्न सुझाव दिनुभयो । सातौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पुर्ण प्रस्तावहरुलाई समर्थन जनाउनुभयो ।

GREEN VENTURES LIMITED

**३. दीवाकर देवकोटा**

कालीगण्डकी आयोजनामा लगानी गर्ने निर्णय राम्रो भएको कुरा व्यक्त गर्नु भयो । कम्पनीको आगामी दिनहरुमा निरन्तर प्रगतिको कामना गर्नुभयो ।

**४. निरुपमा गुप्ता**

वार्षिक साधारण सभा पौष भन्दा अगावै गर्ने तर्फ ध्यानाकर्षण गराउँदै सेयरधनीलाई Double Digit मा लाभांश वितरण होस भन्ने अपेक्षा राख्नु भयो । CSR का केही रकमलाई निर्धन/असक्तलाई शिक्षामा लगानी गर्न आग्रह गर्नु भयो । कम्पनीको आगामि वर्ष को Investment Policy सम्बन्धमा जिज्ञासा राख्नु भयो । समय सापेक्ष खर्च बढ्नु स्वभाविक रहेको बताउँदै खर्चमा मितव्ययीता अपनाएर अघि बढ्न अनुरोध गर्दै साधारण सभाका सम्पूर्ण प्रस्तावलाई समर्थन गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिदै कम्पनीका संचालक अध्यक्ष तथा सभा अध्यक्ष श्री अमुल अग्रवालज्युले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिदै शेयरधनी महानुभावका सुझाव तथा जिज्ञासालाई मनन गर्दै सोको उचित कार्यान्वयन गर्दै जाने कुरा व्यक्त गर्नु भयो ।

**९. सभाको निर्णयः**

**सामान्य प्रस्तावहरु**

**प्रस्ताव नं. १ः आ.व. २०८१।०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

**निर्णय नं. १ः** संचालक समितिका तर्फबाट अध्यक्षज्युले सभा समक्ष प्रस्तुत गर्नु भएको कम्पनीको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ः आ.व. २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने ।**

**निर्णय नं. २ :** लेखापरीक्षक नारायण बजाज एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सबाट कम्पनीको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण सर्वसम्मतीले पारित गरियो ।

GREEN VENTURES LIMITED

**प्रस्ताव नं. ३** : आ.व. २०८२।०८३ को लागी **लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमीक निर्धारण गर्ने ।**

**निर्णय नं. ३** : कम्पनीको लेखापरीक्षण समितिबाट सिफारीस भएका नारायण बजाज एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई चालु आर्थिक वर्ष २०८२।०८३ को लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक भ्याट बाहेक रु. १०,००,०००(दश लाख) तोक्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ४: कालीगण्डकी गर्ज हाइडोपावर प्रा.लि. (१८० मे.वा. जलविद्युत आयोजना) ले प्राप्त गर्ने ऋण सुविधाको लागि कर्पोरेट ग्यारेन्टी (Corporate Guarantee) दिने तथा उक्त कम्पनीमा लगानी गरी यस कम्पनीको नाममा आउने संस्थापक शेयर सुरक्षण (Share Pledge) मा राख्ने सम्बन्धी संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।**

**निर्णय नं. ४** : कालीगण्डकी गर्ज हाइडोपावर प्रा.लि. द्धारा प्रवर्द्धन गर्न लागेको १८० मे.वा. जलविद्युत आयोजना निर्माण गर्न आवश्यक ऋण सुविधाहरुको लागि लक्ष्मी सनराइज बैक लिमिटेडको अगुवाईमा अन्य पाँच वटा सहभागी बैकहरु संग भएको सहवित्तियकरण सम्झौतामा (Facilities Agreement) उल्लेख भए बमोजिम यस ग्रीन भेन्चर्स लि. ले कर्पोरेट ग्यारेन्टी (Corporate Guarantee) दिने व्यवस्था भएकोले सोही बमोजिम कर्पोरेट ग्यारेन्टी (Corporate Guarantee) दिने तथा सोही सम्झौतामा उल्लेख भए बमोजिम यस कम्पनीको कालीगण्डकी गर्ज हाइडोपावर प्रा.लि. को बढिमा ५१ प्रतिशत शेयर स्वामित्व सम्म लगानी भई यस कम्पनीको नाममा आउने सम्पूर्ण संस्थापक शेयर, शेयर सुरक्षण (Share Pledge) मा राख्ने सम्बन्धी संचालक समितिको मिति २०८२।६।१२ मा बसेको अठ्ठाइसौं बैठकबाट भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ५: संचालकहरुको नियुक्ती सम्बन्धी संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।**

**निर्णय नं. ५** :

यस कम्पनीको मिति २०८०।३।२९ मा बसेको चौथो वार्षिक साधारण सभाबाट निर्वाचित संस्थापक शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि. को तर्फबाट संचालक हर्ष वर्धन संघईले विभिन्न व्यावसायिक तथा व्यक्तिगत कार्य व्यस्तताले मिति २०८१।१२।०५ मा दिनु भएको राजिनामा संचालक समितिको उन्नाइसौं बैठकबाट मिति २०८१।१२।१४ मा स्वीकृत भई पद रिक्त रहेकोले कम्पनीका संस्थापक शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि श्री अमुल अग्रवाल लाई नियुक्त गर्नको लागि त्रिवेणी इनर्जी प्रा.लि. बाट निर्णय सहितको जानकारी प्राप्त भएकोले कम्पनीको वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरि त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि श्री अमुल अग्रवाल लाई संचालक नियुक्त गर्ने गरी संचालक समितिको मिति २०८१।१२।१४ मा बसेको उन्नाइसौं बैठकबाट निर्णय भएकोले राजीनामा स्वीकृत भएका संचालक श्री हर्ष वर्धन संघईको जम्मा कार्यकाल मिति २०८४।०३।२८ सम्म रहेकोमा निजको स्थानमा नियुक्त संचालक श्री अमुल अग्रवालको बाँकी पदावधि समेत मिति २०८४।०३।२८ सम्म कायम रहने गरी संचालक नियुक्तीको अनुमोदन गर्नको लागि संचालक समितिबाट प्रस्ताव पेश भएको ।

त्यसै गरी यस कम्पनीको मिति २०८०।३।२९ मा बसेको चौथो वार्षिक साधारण सभाबाट निर्वाचित संचालक श्री विरेन्द्र कुमार संघईले व्यावसायिक तथा व्यक्तिगत कार्य व्यस्तताले मिति २०८२।०१।०४ मा

GREEN VENTURES LIMITED

दिएको राजिनामा संचालक समितिको मिति २०८२।०१।१७ मा बसेको एक्काइसौं बैठकबाट स्वीकृत भई पद रिक्त रहेको र कम्पनीको संचालक पदमा कार्य गर्न इच्छुक भए जानकारी गराउन सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई पत्राचार गरिएकोमा कम्पनीका सम्पूर्ण संस्थापक शेयरधनीहरुले संचालक पदमा रही कार्य गर्न नसक्ने तथा कम्पनीका अन्य संस्थापक शेयरधनी संचालक पदमा नियुक्त भएमा पूर्ण सहमती रहेको तथा कुनै आपत्ति नरहेको भनि जानकारी प्राप्त भएकोले कम्पनीको रिक्त रहेको संचालक पदमा संचालक नियुक्ती हुन नसकी जम्मा ४ जना संचालक रहन गई संचालक समिति अपूर्ण भई कम्पनीको दैनिक कार्यमा समस्या सृजना भएको हुनाले अन्य वैकल्पिक उपाय समेत नभई यस कम्पनीको संस्थापक शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि. लाई यस कम्पनीको संचालक पदमा नियुक्त हुने गरी थप एक जना प्रतिनिधि पठाउन इच्छुक भएको भए सोको जानकारी माग गरेकोमा संस्थापक शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि. ले यस कम्पनीमा थप एक जना प्रतिनिधि पठाउन इच्छुक भई आफ्नो तर्फबाट श्रीमती श्रृजना अधिकारी लाई प्रतिनिधि तोकि पठाएकोले कम्पनीको वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरि त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि श्रीमती श्रृजना अधिकारी लाई संचालक नियुक्त गर्ने गरी संचालक समितिको मिति २०८२।०२।०४ मा बसेको तेइसौं बैठकबाट निर्णय भएकोले राजीनामा स्वीकृत भएका संचालक विरेन्द्र कुमार संघईको जम्मा कार्यकाल मिति २०८४।०३।२८ सम्म रहेकोमा निजको स्थानमा नियुक्त संचालक श्रीमती श्रृजना अधिकारीको बाँकी पदावधि समेत मिति २०८४।०३।२८ सम्म कायम रहने गरी संचालक नियुक्तीको अनुमोदन गर्नको लागि संचालक समितिबाट प्रस्ताव पेश भएको ।

उल्लेखित बमोजिम रिक्त स्थानमा नियुक्त हुनु भएका संचालकहरु श्री अमुल अग्रवाल तथा श्रीमती श्रृजना अधिकारीलाई मिति २०८४।०३।२८ सम्म पदावधि कायम रहने गरी संचालक समितिबाट संचालकमा गरेको नियुक्तीको निर्णय अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

## विशेष प्रस्तावहरु

**प्रस्ताव नं. १ : कालीगण्डकी गर्ज हाइडोपावर प्रा. लि. मा लगानी गर्नको लागि संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई कम्पनीको तत्काल कायम रहेको चुक्ता पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) को १:१ को अनुपातमा रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) बराबरको ३,४३,७५,००० (तीन करोड त्रिचालिस लाख पचहत्तर हजार) कित्ता हकप्रद शेयर जारी गर्ने ।**

**निर्णय नं. १**

कालीगण्डकी गर्ज हाइडोपावर प्रा. लि. मा लगानी गर्नको लागि नियामक निकायबाट स्वीकृति हुने शर्तमा संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई कम्पनीको तत्काल कायम रहेको चुक्ता पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) को १:१ को अनुपातमा रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) बराबरको ३,४३,७५,००० (तीन करोड त्रिचालिस लाख पचहत्तर हजार) कित्ता हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

GREEN VENTURES LIMITED

**प्रस्ताव नं. २ :**

**संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई हकप्रद शेयर जारी गर्नका लागि कम्पनीको अधिकृत तथा जारी पूँजीमा वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।**

**निर्णय नं. २:** विशेष प्रस्ताव अन्तर्गत निर्णय नं. १ बमोजिम हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव पारित भएको र सोको प्रभाव कम्पनीको प्रबन्धपत्रमा पर्ने भई हकप्रद शेयर जारी गर्नको लागि कम्पनीको प्रबन्धपत्रमा व्यवस्था रहेको अधिकृत तथा जारी पूँजीमा वृद्धि गर्नु पर्ने हुन्छ । प्रबन्धपत्रको दफा दफा ६(क) मा हाल अधिकृत पूँजी रु. ५,००,००,००,००० (पाँच अर्ब) रहेको छ । प्रबन्धपत्रको दफा ६(ख) मा हाल जारी पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) रहेको छ । हकप्रद शेयर जारी गर्नको लागि अधिकृत पूँजी रु १,८७,५०,००,००० (एक अर्ब सतासी करोड पचास लाख) र जारी पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) थप गर्नु पर्ने हुन्छ । यसरी वृद्धि भइसकेपछि प्रबन्धपत्रको दफा ६(क) मा अधिकृत पूँजी रु. ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुन जान्छ । त्यसै गरी जारी पूँजी रु ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुन जान्छ । सोही बमोजिम हुने गरि हकप्रद शेयर जारी गर्नको लागि अधिकृत तथा जारी पूँजी मा थप गरि प्रबन्धपत्रमा देहाय बमोजिम हुने गरि संशोधन गर्ने सर्वसम्मतीले विशेष प्रस्ताव पारित गरियो । कम्पनीको प्रबन्धपत्रको दफा ६ को खण्ड (क) को सट्टा देहायको दफा ६ को खण्ड (क) राख्ने र दफा ६ को खण्ड (ख) को सट्टा देहायको दफा ६ को खण्ड (ख) राख्ने गरी संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको**

दफा ६

(क) कम्पनीको अधिकृत पूँजी रु ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६,८७,५०,००० (छ करोड सतासी लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी पूँजी रु ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६,८७,५०,००० (छ करोड सतासी लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

GREEN VENTURES LIMITED

तीन महले विवरण

| *साविकको व्यवस्था* | *संशोधित व्यवस्था* | *संशोधन गर्नुपर्नाको कारण* |
|---|---|---|
| दफा ६(क) कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,००० (पाँच अर्ब) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु.१००/- दरका ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६(क) कम्पनीको अधिकृत पूँजी रु ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६,८७,५०,००० (छ करोड सतासी लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कालीगण्डकी गर्ज हाइडोपावर प्रा. लि. मा लगानी गर्नको लागि संचालक समितिले प्रस्ताव गरे अनुसार हकप्रद शेयर जारि गर्ने विशेष प्रस्ताव पारीत भएकोले |
| दफा ६(ख) कम्पनीको तत्काल जारी पूँजी रु.३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु.१००/- दरका ३,४३,७५,००० (तीन करोड त्रिचालिस लाख पचहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६(ख) कम्पनीको तत्काल जारी पूँजी रु ६,८७,५०,००,००० (छ अर्ब सतासी करोड पचास लाख) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६,८७,५०,००० (छ करोड सतासी लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |

**प्रस्ताव नं. ३**

**हकप्रद शेयर जारी गर्ने क्रममा सम्बन्धित नियामक निकाय/कार्यालयले कुनै फेरबदल/ संशोधन/ परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

**निर्णय नं. ३**

आजको वार्षिक साधारण सभाको विशेष प्रस्ताव अन्तर्गत हकप्रद शेयर वितरण गर्ने तथा कम्पनीको प्रबन्धपत्रमा संशोधन गरि पूँजी वृद्धि समेत गर्ने निर्णय भएकोले हकप्रद शेयर जारी, कम्पनीको पूँजी वृद्धि तथा प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न कम्पनीको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ग विविध :

(१) कम्पनी तथा कम्पनीको संचालक समितिले आ.व. २०८१।०८२ मा गरेका सम्पूर्ण निर्णय तथा काम कारबाही अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(२) कम्पनी ऐनको दफा ७५ तथा नियमावलीको नियम २६ मा साधारण सभाको माइन्युटमा सभाको अध्यक्ष र कम्पनी सचिवले दस्तखत गर्ने व्यवस्था भएकोले सोही बमोजिम माइन्युटमा हस्ताक्षर गरी नियमानुसार सम्बन्धीत निकायलाई जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**१०. संचालकहरुको सपथ ग्रहण र प्रमाण पत्र वितरण**

आजको वार्षिक साधारण सभाबाट संचालकहरु श्री अमुल अग्रवाल तथा श्रीमती श्रृजना अधिकारीको संचालक पदमा भएको नियुक्तीको अनुमोदन भएकोले संचालकहरु श्री अमुल अग्रवाल तथा श्रीमती श्रृजना अधिकारीलाई कम्पनीका कम्पनी सचिवले पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो । कम्पनीको पूर्व संचालक अध्यक्ष सुभाष चन्द्र संघईले संचालक नियुक्तीको प्रमाणपत्र हस्तान्तरण गर्नु भयो ।

**११. सभा अध्यक्षबाट धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस कम्पनीको प्रस्तुत वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरि सभा बस्ने मिति, समय, स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवं सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका संचालकहरु, पूर्व अध्यक्ष तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित भई गणपुरक संख्या पुरा भई साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी सर्वसम्मतीबाट प्रस्ताव पारित भएकोले सभाका अध्यक्षज्युबाट सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै यस साधारण सभा व्यवस्थित रुपमा सफलतापुर्वक संचालन गरी सम्पन्न गर्न भुमिका खेल्नुहुने कम्पनीका संचालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, सम्पूर्ण कर्मचारी, शेयर रजिष्ट्रार, अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई अध्यक्षज्युले धन्यवाद दिदै कम्पनीको सातौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

GREEN VENTURES LIMITED

श्री अमुल अग्रवाल
सभा अध्यक्ष

श्री विष्णु प्रसाद न्यौपाने
कम्पनी सचिव